# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) जनकपुरधाम, कार्तिक १४ गते, २०७५ साल (अतिरिक्ताङ्क १५

## भाग २

### प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली (पहिलो संसोधन) २०७५

प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐन, २०७४ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार (प्रदेश नं. २) ले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "प्रदेश नं.२ प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली (पहिलो संसोधन), २०७५" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

(३) यो नियमावली प्रदेश नं. २ भर लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "कार्यक्रम" भन्नाले प्रदेश नं. २ को प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम र

सो अन्तर्गत सञ्चालन हुने योजना तथा आयोजना समेत सम्झनु पर्छ ।

(ख) "कार्यलय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका प्रदेश नं. २ का जिल्ला स्थित "पूर्वाधार विकास कार्यालय" लाई सम्झनु पर्छ ।

(ग) "निर्वाचन क्षेत्र" भन्नाले नेपालको संविधानको धारा १७६ (१) बमोजिम प्रदेश नं. २ को प्रदेश सभा सदस्यको निर्वाचन क्षेत्र सम्झनु पर्छ ।

(घ) "प्रदेश सभा सदस्य" भन्नाले नेपालको संविधानको धारा १७६ को उपधारा (१) मा व्यवस्था भए बमोजिमका प्रदेश नं. २ को प्रदेश सभा सदस्य सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले प्रदेश नं. २ सम्झनु पर्छ ।

(च) "प्रदेश लेखा नियन्त्रक कार्यालय" भन्नाले प्रदेशमा रहेको प्रदेश लेखा नियन्त्रक कार्यालय र सो अन्तर्गतका ७ जिल्लामा रहेका कोष तथा लेखा नियन्त्रक कार्यालयहरु सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनुपर्छ ।

(ज) "उपभोक्ता समिति" भन्नाले स्थानीय स्तरमा सञ्चालन हुने भनी प्रदेश सरकार वा अन्य निकायले निर्धारण गरेको कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने व्यक्तिहरूले त्यस्तो कार्यक्रमको सञ्चालन र मर्मत सम्भार गर्न आफूहरू मध्येबाट छानिएका व्यक्तिहरू रहने गरी सम्बन्धित प्रदेश सभा सदस्य वा निजको प्रतिनिधि रोहवरमा गठन गरेको समिति सम्झनुपर्छ ।





(झ) "सचिव" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव सम्झनुपर्छ ।

(ञ) "सरकार" भन्नाले प्रदेश नं. २ सरकार सम्झनु पर्छ ।

३. **कार्यक्रमको छनौटः** (१) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिमका पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित प्रदेश सभा सदस्यले आफू निर्वाचित भएको जिल्लाको निर्वाचन क्षेत्र र सोही उपधाराको खण्ड (ख) बमोजिम समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने प्रदेश सभा सदस्यले निजले रोजेको प्रदेश नं २ अन्तर्गतका कुनै एक जिल्लाको निर्वाचन क्षेत्रहरूमा कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(२) (क) प्रदेश सरकारको आ.व. २०७५/०७६ को बजेट वक्तव्यको बुँदा नं. ४२ अनुसार प्रदेश सभाका निर्वाचित सदस्यको संयोजकत्वमा त्यस निर्वाचन क्षेत्रका प्रदेशसभा सदस्यहरु रहेको समितिबाट आयोजना छनौट गरि कार्यान्वयन गरिनेछ ।

(ख) उपनियम २ (क) बमोजिम गठित समितिमा कार्यक्रमको छनौटमा सहमति हुन नसकेमा संयोजकको निर्णय अन्तिम हुनेछ ।

(३) प्रदेश सरकारको आ.व. २०७५/०७६ को बजेट वक्तव्यको बुँदा नं. ४३ अनुसार प्रदेश सभाका समम्पूर्ण सदस्यहरुले आफ्नो नेतृत्वमा जनआवश्यकता अनुसार वा आफ्नो प्रतिनिधिले कार्यक्रम छनौट गरी कार्यन्वयन गरिनेछ ।

(क)उपनियम ३ बमोजिमका प्रदेशका सभा सदस्यले उपनियम २ (क) बमोजिम गठित समितिमा सदस्य हुन चाहेमा उक्त सदस्यले आफुले प्राप्त गर्ने बजेटको ५०% भन्दा बढी रकमको कार्यक्रम छनौट गरी सोही निर्वाचन क्षेत्रमा खर्च गर्नुपर्नेछ ।

(४) (क) उपनियम (२) बमोजिम कार्यक्रम छनौट गर्दा एक वर्ष भित्र कार्यान्वयन गर्न सकिने पाँच लाख रूपैया भन्दा बढी लागत भएका कार्यक्रम छनौट गरी अनुसूची-१ बमोजिमको कार्यान्वयन तालिका समेत बनाई सम्बन्धित पूर्वाधार विकास कार्यालयमा प्रत्येक आर्थिक वर्षको पहिलो चौमासिक भित्र पेश गरिसक्नु पर्नेछ ।

(ख) उपनियम (३) बमोजिम कार्यक्रम छनौट गर्दा एक वर्ष भित्र कार्यान्वयन गर्न सकिने दुई लाख रूपैया भन्दा बढी लागत भएका कार्यक्रम छनौट गरी अनुसूची-१ बमोजिमको कार्यान्वयन तालिका समेत बनाई सम्बन्धित पूर्वाधार विकास कार्यालयमा प्रत्येक आर्थिक वर्षको पहिलो चौमासिक भित्र पेश गरिसक्नु पर्नेछ

(५) नियम ३ को उपनियम (२) र (३) बमोजिम छनौट गरिने कार्यक्रम देहाय बमोजिमको हुनु पर्नेछ :-

(क) महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, अपाङ्ग, मधेशी, मुस्लिम, पिछडा समुदाय तथा विपन्न वर्गको उत्थान र विकास सम्बन्धी,

(ख) श्रममा आधारित योजना।

(ग) कम्तीमा २० प्रतिशत जनसहभागिता हुने तर भौतिक पूर्वाधार निर्माण कार्यमा कम्तीमा १० प्रतिशत जनसहभागिता हुने।

४. <u>कार्यक्रमको किसिम:</u> (१) कार्यक्रमको किसिम देहाय बमोजिम हुनेछ :-

(क) नदी, गल्छी तथा पहिरो नियन्त्रण एवं सिंचाई सम्बन्धी आयोजना,

(ख) सडक निर्माण तथा स्तरोन्नती (सडक पुल, कल्भर्ट, ढल, काठेपुल निर्माण) सम्बन्धी आयोजना,

(ग) खानेपानी, सरसफाई, फोहरमैला व्यवस्थापन तथा ल्याण्डफिल्ड साइट निर्माण आयोजना,

(घ) विद्यालय, पुस्तकालय, खेलकूद सम्बन्धी सामाग्री तथा खेल मैदान, कवर्ड हल, शौचालय निर्माण आयोजना,

(ङ) मसान घाट, समस्सान घाट/ कब्रस्थान निर्माण र मर्मत सुधार, संरक्षण सम्बन्धी आयोजना

(च) वृद्धाश्रम, आश्रम स्थल, वालसुधार गृह, सार्वजनिक जग्गा संरक्षण, ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक र पर्यटकीय स्थलको संरक्षण, मन्दिर, पोखरी, मस्जिद, मदरसा निर्माण तथा जिर्णोद्धार आयोजना।





(छ) वातावरण संरक्षण, जैविक विविधता तथा वन संरक्षण, हरियाली क्षेत्र र पार्क (सहिद, बालबालिका आदी) निर्माण सम्बन्धी आयोजना,

(ज) नवीकरणीय उर्जा, लघु जलविद्युत तथा विद्युतीकरण सम्बन्धी आयोजना,

(झ) स्वास्थ्य चौकी, प्रसुती भवन, सामुदायिक भवन, आश्रम तथा वृद्धाश्रम, अनाथालय तथा पुनर्स्थापना केन्द्र निर्माण सम्बन्धी आयोजना,

(ञ) कृषि उपज संकलन केन्द्र निर्माण तथा हाट बजार प्रदशनी स्थल (व्यापार मेला) व्यवस्थापन सम्बन्धी आयोजना,

(ट) विशेष गरी महिला शसक्तिकरण उत्थानमा प्रत्यक्ष सहयोग पुग्ने खालका आयमूलक तालिम तथा रोजगारी उन्मुख सीप विकास सम्बन्धी आयोजना,

(ठ) स्थानीय निकायको कुनै स्वीकृत कार्यक्रममा लागत सहभागिता सम्बन्धी आयोजना।

(२) नियम ३ को उपनियम (२) र (३) मा व्यवस्था भएअनुसार कार्यक्रम छनौट गर्दा निम्न कार्यमा खर्च गर्ने गरी कार्यक्रम छनौट तथा सञ्चालन गर्न सकिने छैन :-

(क) दामासाहीले बाँडफाँड गरी वितरण गर्ने,

(ख) कुनै राजनीतिक दल वा तिनका भातृ संघ संगठन, कुनै संघ संस्था वा व्यक्तिलाई आर्थिक सहायता दिने,

(ग) कुनै गैर सरकारी संघ संस्था वा व्यक्तिलाई आर्थिक सहायता दिने।

(३) यस नियम बमोजिम कार्यक्रम छनौट गर्दा कम्तीमा ५०% रकम पूर्वाधार निर्माणमा खर्च गर्ने गरी छनौट गर्नु पर्नेछ।

(४) नियम ३ को उपनियम (२) बमोजिम कार्यक्रम छनौट गर्दा एक आर्थिक वर्षमा बढीमा १५ वटासम्म र नियम ३ अनुसार बढीमा दश वटासम्म कार्यक्रम छनौट गर्न सकिनेछ।

(५) नियम ३ को उपनियम (२) र (३) बमोजिमका कार्यक्रम गैरसरकारी/सामुदायिक संस्था तथा अन्य निकायसँग साझेदारी तथा समन्वय गरी सञ्चालन गर्न सकिनेछ।

५. <u>प्रतिनिधि तोक्न सक्ने</u> : कार्यक्रमको तर्जुमा, सञ्चालन सम्बन्धी कार्य गर्नको लागि प्रदेश सभा सदस्यले आफ्नो प्रतिनिधि तोक्न

सक्नेछ । यसरी प्रतिनिधि तोकिएकोमा सो को जानकारी कार्यालयलाई दिनु पर्नेछ ।

६. **सञ्चालन तथा कार्यान्वयन** : (१) नियम ३ बमोजिम छनौट भएका कार्यक्रम अनुसूची-२ बमोजिमको ढाँचामा पूर्वाधार विकास कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश गरेको कार्यक्रम सञ्चालन र कार्यान्वयन गर्दा मन्त्रालयले जनसहभागितालाई प्राथमिकता दिई स्थानीय उपभोक्ता समूह, सरकारी कार्यालय वा गैरसरकारी/सामुदायिक संस्था मार्फत गर्नु पर्नेछ ।

(३) भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित पूर्वाधार विकास कार्यालयले तयार गरेको लगत इष्टिमेट, डिजाईन, ड्इङ्ग बमोजिम अन्य कार्यक्रमको हकमा सम्बन्धित संस्थाले तयार गरेको प्रस्तावलाई प्रदेश सभा सदस्य वा निजको प्रतिनिधिको सिफारिश साथ र प्रदेश सभा सदस्य आफैले तयार पारेको कार्यक्रम भए सो समेत उल्लेख गरी पूर्वाधार विकास कार्यालयमा कार्यान्वयनको लागि पेश गर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त हुन आएका कार्यक्रमको लागि मन्त्रालयले पूर्वाधार विकास कार्यालयलाई आवश्यक मार्गनिर्देशन सहित कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेट अख्तियारी दिनु पर्नेछ ।

(५) पूर्वाधार विकास कार्यालयले कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्दा सम्बन्धितप्रदेशसभा सदस्यबाट पेश भएको अनुसूची-१ बमोजिमको कार्यक्रम कार्यान्वयन तालिका बमोजिम कार्यान्वयन तहमा अनुगमन गर्नु गराउनु पर्नेछ । सो को लागि एक अनुगमन समिति गठन गर्नु पर्ने छ ।

(६) कार्यक्रमको कार्यान्वयन, रेखदेख तथा जाँचपास गर्ने सम्बन्धमा आवश्यक पर्ने प्राविधिक सहयोग पूर्वाधार विकास कार्यलय आवश्यकता अनुसार वा पूर्वाधार विकास कार्यलय समन्वयमा स्थानीय तहका सरकारी कार्यालयले उपलब्ध गराइदिनु पर्नेछ ।

(७) उपनियम (१) बमोजिम पेश भएका कार्यक्रम बाहेक अन्यत्र खर्च गर्न पाईने छैन ।





(८) उप नियम (१) बमोजिम छनौट कार्यक्रमको लागि कम्तिमा दुई किस्तामा रकम उपलब्ध गराइने छ । जस मध्ये पहिलो किस्ता रकम निकासा भएपछि सोको आवधिक मूल्याङ्कन सहितको प्राविधिक प्रतिवेदन प्राप्त नभएसम्म सोही कार्यक्रमको लागि बाँकी रकम निकासा गरिने छैन ।

(९) प्रदेश सभाका सदस्यले नियम ६ को उपनियम (१) बमोजिम कार्यक्रम पेश गरिसकेपछि प्रदेश सभा विघटन वा कार्यकाल समाप्त भएपनि उक्त कार्यक्रम कार्यान्वयन गर्न बाधा पर्ने छैन ।

तर कार्यक्रम पेश नगर्दै प्रदेश सभाको सम्बन्धित सदस्य कुनै कारणले प्रदेश सभाको सदस्य नरहेमा उक्त रकम स्वतः फ्रिज हुनेछ ।

७. **प्रशासनिक खर्चको व्यवस्था** :(१) कार्यक्रमको लागि विनियोजित रकमबाट ५ लाख रूपैयाँसम्म प्रशासनिक कार्यका लागि खर्च गर्न सकिने छ । उक्त रकम प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रको सम्पर्क कार्यालय सञ्चालनको निमित्त मसलन्द र प्रदेश सभा सदस्यको प्रतिनिधि, प्रदेश सभा सदस्यद्वारा अनुगमन कार्यका लागि खटाइएको व्यक्तिको पारिश्रमिक, दैनिक भ्रमण भत्ता एवं सम्पर्क कार्यालयको घर भाडा लगायतमा खर्च गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम प्रशासनिक कार्यका लागि छुट्याइएको रकम दुई किस्तामा निकासा दिनु पर्नेछ ॥

(३) उपनियम (१) बमोजिम छुट्याइएको रकमको सीमाभित्र रही खर्च गरिएको रकमको विवरण प्रदेश सभा सदस्य वा निजको प्रतिनिधिले पूर्वाधार विकास कार्यालयमा पठाउनु पर्नेछ । कार्यालयले त्यस्तो खर्चलाई नियमानुसार फछ्र्यौट र फरफारक गर्नुपर्नेछ ।

(४) कार्यक्रममा प्राविधिक सहयोग पुर्‍याउन प्राप्त रकमको एक दशमलव पाँच प्रतिशत सम्म रकम कट्टा गरी पूर्वाधार विकास कार्यालयले खर्च गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिमको रकम निर्माण कार्यको सुपरिवेक्षण एवं अनुगमन र मसलन्द सम्बन्धी कार्यमा मात्र खर्च गर्न सकिनेछ ।

८. **अनुगमन तथा मूल्यांकन** : (१) प्रदेश सभाका सम्बन्धित सदस्यले आफ्नो सिफारिसमा कार्यान्वयन गरिएका कार्यक्रमको वर्षमा कम्तीमा एक पटक अनुगमन गरी सो को प्रतिवेदन कार्यलयमा दिनु पर्नेछ।

(२) पूर्वाधार विकास कार्यालयले छनौट भई कार्यन्वयनमा गएका कार्यक्रमहरुको चौमासिकरुपमा अनुगमन गर्न एक अनुगमन समिति बनाउनु पर्नेछ। उक्त अनुगमन समितिमा प्रत्क्ष निर्वाचित सदश्य समेत रहनेछ।

९. **कार्यक्रममा भएको खर्चको फछ्र्यौट र फरफारक** : (१) कार्यक्रममा भएको खर्चको बील/भर्पाइ भौचर सहितको विवरण सम्बन्धित उपभोक्ता समिति वा कार्य सम्पन्न गर्ने निकायले पूर्वाधार विकास कार्यालयमा समयमै पेश गर्नुपर्ने छ।

(२) उपनियम (१) बमोजिम हिसाब फरकफरक/फछ्र्यौटका लागि कागजात प्राप्त भएपछि नियम ७ को उपनियम (३) मा व्यवस्था भएअनुसार कार्यालयमा नियमानुसार जाँचपासका लागि पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम जाँचपासका लागि कागजात पेश भएपछि सो कार्यालयल सम्बन्धित प्राविधिक कर्मचारी खटाई सम्पन्न भएका कामका सम्बन्धमा प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ।

(४) पुर्वाधार विकास कार्यालयका प्रमुखले नियमानुसार सञ्चालित कार्यक्रम वा योजनाको जाँचपास र फरफारक गर्ने गराउने छ।

(५) कार्यक्रम वा योजना कार्यालयको अनुगमनमा खटिईएको कर्मचारीले खर्च अनुसारको काम भएको वा नभएको प्रतिवेदन दिनु पर्नेछ र सो प्रतिवेदनको आधारमा जाँचपास गरिदिन सक्नेछ।

(६) उपनियम (५) बमोजिम जाँचपास भैसकेपछि पुर्वाधार विकास कार्यालयको प्रमुखले प्रचलित कानुन बमोजिम त्यस्तो कामको हिसाब फरफारक गरी सोको जानकारी सम्बन्धित प्रदेश सभा सदस्यलाई दिनेछ र त्यस्तो हिसाबको विवरण चौमासिक रूपमा सार्वजनिक गर्नु पर्नेछ।





(७) जाँचपास भैसके पश्चात पूर्वाधार विकास कार्यालयले नियमानुसार फरफरक पेश गर्नु पर्ने छ।

१०. **फरफरक गर्नुपर्ने** : (१) प्रदेश सभा सदस्यको सिफारिश बमोजिम पुर्वाधार विकास कार्यालायले मन्त्रालयबाट प्राप्त अख्तियारी अनुरुप म्याद भित्रै नियमानुसार हिसाब फरफरक गरी सो को जानकारी प्रदेश सभा सदस्य र मन्त्रालयमा दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको खर्चको फाँटवारी नियमानुसार फछ्र्यौट गरी पूर्वाधार विकास कार्यालयले प्रदेश सभा सदस्यलाई जानकारी दिनु पर्ने छ।

११. **लेखा र लेखा परीक्षण** : (१) मन्त्रालयबाट प्राप्त रकमको प्रचलित आर्थिक्क ऐन नियम अनुसार लेखा र लेखापरीक्षण सम्बन्धी सर्म्पूण उत्तरदायित्व पूर्वाधार विकास कार्यालयको हुनेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त रकमको आन्तरिक र अन्तिम लेखापरीक्षण प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने ऐन, २०७४ बमोजिम पूर्वाधार विकास कार्यालयले गर्नु गराउनु पर्नेछ।

(३) मासिक रुपमा खर्चको फाँटवारी र आर्थिक वर्षको अन्तमा आर्थिक विवरण मन्त्रालयमा पेश गर्ने दायित्व पूर्वाधार विकास कार्यालयको हुनेछ।

१२. **प्रगति प्रतिवेदन**: कार्यालयले यस कार्यक्रम अन्तर्गत कार्यान्वयन गरिएका योजना /आयोजनाको विवरण (किसिम, संचालित स्थान, वडा नं., खुल्ने गरी, लाभग्राही संख्या, रकम, प्रदेश सभा सदस्यको नाम) सहितको प्रगती प्रतिवेदन मन्त्रालयमा अनिवार्य रुपमा प्रत्येक चौमासिकमा पेश गर्नु पर्नेछ।

१३. **प्रगति समीक्षा** : मन्त्रालयले सञ्चालित कार्यक्रमको प्रगति समीक्षा गर्नु/गराउनु पर्नेछ।

१४. **अनुसूचीमा थपघट तथा हेरफेर** : प्रदेश सरकारले प्रदेश नं. २ राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ।

अनुसूची- १
प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम
कार्यक्रम कार्यान्वयन तालिकाको नमूना
(नियम ३ को उपनियम (४) सँग सम्बन्धित)

प्रदेश सभा सदस्यको नाम :..............................
जिल्ला :..............................

| सि.नं. | सञ्चालन हुने कार्यक्रमको विवरण | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | सञ्चालन हुने गा.वि.स./न.पा. वडा नं. टोल | व्यहोरिने लागत रकम रू. | | | | | | | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यक्रमबाट | लागत सहभागिता | जन सहभागिता | सरकारी | गैसस | अन्य | जम्मा | | |
| | | | | | | | | | | | | | | |





अनुसूची -२
प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम
कार्यक्रम प्रस्ताव पेश गर्ने फाराम
(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

श्री पुर्वाधार विकास कार्यालय,
............................ जिल्ला ।

**विषय : कार्यक्रम प्रस्ताव सम्बन्धी विवरण ।**

१. आयोजना सञ्चालन गर्ने स्थान:- गा.वि.स./न.पा. .......... वडा नं. ....... टोल .............

(क) आयोजनाको नाम :-

(ख) आयोजनाको किसिम :-

(ग) लाभान्वित जनसंख्या :-

(घ) अधुरो योजना भए वर्तमान अवस्थाको विवरण :-

(ङ) थप गर्नुपर्ने कार्यको विवरण :-

(च) आयोजना सम्पन्न गर्न लाग्ने अनुमानित समयावधि :-

(छ) आयोजनाको अनुमानित खर्च रू.

(१) कार्यक्रमबाट रू.

(२) उपभोक्ता (जनसहभागिता) बाट रू.

(३) लागत सहभागिताबाट रू.

(४) सरकारी अनुदानबाट रू.

(५) गैर सरकारी संस्थाबाट रू.

(६) अन्य स्रोतबाट रू.

(ज) कार्यक्रम शुरू हुने मिति :-

(झ) कार्यक्रम सम्पन्न हुने मिति :-

(ञ) उपभोक्ता समिति गठन गरी आयोजना सञ्चालन गरिने भए उपभोक्ता समितिको नामावली :-

(१) अध्यक्ष

(२) उपाध्यक्ष

(३) सचिव

(४) सदस्य

(५) सदस्य

(ट) आयोजना सम्बन्धी अन्य केही भए उल्लेख गर्ने :

प्रदेश सभा सदस्य वा निजको

प्रतिनिधिको नाम :-

सही :-

..........................................

..........................................

जिल्ला :-

मिति :- ..............................

(द्रष्टव्य : कार्यक्रम सम्पन्न भएको पैंतीस दिनभित्र खर्चको विवरण पेश गरिसक्नु पर्नेछ ।

आज्ञाले,

पुष्कर सापकोटा

सचिव (कानून)

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.हु.द.नं. १६।२०६२।६३